सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना
माननीय न्यायाधीश श्री मेघराज पोखरेल
आदेश

०८३-WH-०००५

विषयः- बन्दीप्रत्यक्षीकरण।

जिल्ला रुपन्देही, तिलोत्तमा नगरपालिका वडा नं. ४ बस्ने शशिधर शर्माको हकमा चन्द्र बहादुर क्षेत्रीको छोरी शशिधर शर्माको बुहारी विदुर शर्माको श्रीमती ऐ.ऐ. बस्ने मुना क्षेत्री ----------१ निवेदक

विरुद्ध

नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रिय अनुसन्धान व्यूरो, लाजिम्पाट, काठमाडौं --१
नेपाल राष्ट्र बैङ्क, बैङ्क सुपरिपेक्षण बिभाग बालुवाटार, काठमाडौं----------१ विपक्षी
श्री उच्च अदालत पाटन ----------१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ बमोजिम दर्ता हुन आएको रिट निवेदन यसै अदालतको असाधारण क्षेत्राधिकारभित्रको भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार छः

रिट निवेदनको संक्षिप्त तथ्य

१. म निवेदकका शहोदर ससुरा शशीधर शर्माले रुपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका वडा नं. १५ मा रजिष्ट्रड कार्यालय रहेको एशियन भिलेज रिसोर्ट प्रा. लि. को नामबाट निर्माण गर्न आवश्यक जग्गा खरिदका लागी प्रभु बैंक लिमिटेडबाट मिति २०८१।१०।०४ गतेको कर्जा प्रवाह गर्ने निर्णय अनुसार रु ४८ करोड कर्जा लिनु भएको थियो। उक्त कर्जाको बैंकको नियमानुसार हुने किस्ता रकम नियमित रुपमा तिर्दै बुझाउँदै आईरहेकोमा निजले उक्त कर्जाको दुरुपयोग गरेको भनी विपक्षी नेपाल राष्ट्र बैङ्क, बैङ्क सुपरिपेक्षण बिभाग बालुवाटारको प्रतिवेदनको आधारमा नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रिय अनुसन्धान व्यूरो, लाजिम्पाटले मिति २०८३।३।३० गते पक्राउ गरी पहिलो पटक मिति

२०८३।३।३० गते ७ दिनको र दोस्रो पटक मिति २०८३।४।५ गते ५ दिनको म्याद उच्च अदालत पाटनबाट थप गरी गैरकानूनी थुनामा राखिएको छ। विपक्षीले भने जस्तो प्रभु बैङ्क लि.बाट लिएको कर्जाको दुरुपयोग भएको छैन। उक्त कर्जा एशियन भिलेज रिसोर्ट प्रा.लि.को नाममा जग्गा खरिद गर्न विभिन्न व्यक्तिलाई बैना रकम दिनुभएको थियो। यसैगरी आफू र आफन्तको नाममा रहेको केही जग्गाको धितो मुल्याङ्कन गरी सो जग्गालाई कम्पनीको नाममा ल्याउने प्रक्रियासमेत अगाडी बढेको थियो। उक्त ऋण जग्गा खरिद गर्न लिएको र केही जग्गा कम्पनीका नाममा खरिद भईसकेको छ भने केही जग्गा ऋण लिदाकै बखत कित्ता नं. समेत उल्लेख गरी कम्पनीको नाममा ल्याउने गरी जग्गाधनीहरुलाई बैना दिईएको छ। उक्त जग्गाहरु बैङ्कबाट रोक्कासमेत रहेका छन्। बैना दिएको उक्त जग्गा कम्पनीको नाममा ल्याउन कम्पनीको तर्फबाट मिति २०८३।०३।१९ गतेको सञ्चालक समितिको निर्णय अनुसार मिति २०८३।०३।१९ गते प्रभु बैङ्क लि.को शाखा कार्यालय मणीग्राममा जग्गा रोक्का फुकुवा गराई पाऊँ भनी निवेदन समेत दिनु भएको छ। यसैगरी ऋण लिएको रकमबाट खरिद गरिएको २-७-१९-० जग्गा कम्पनीका नाममा नामसारी भईसकेको छ। यसरी जग्गा खरिद गर्न लिएको ऋणबाट जग्गा खरिद गर्ने र बैना गर्ने कार्य बैङ्कसँगको समन्वयमा गर्दै आउनु भएको थियो। प्रभु बैङ्कले निवेदकले लिएको कर्जाको सम्बन्धमा बैङ्कको कर्जा दुरुपयोग भयो भनेर कुनै उजुरी नगरेको, सम्बन्धित बैङ्कले कर्जा दुरुपयोग भयो कर्जा वापतको रकम भुक्तान गर्नुहोस् भनी कुनै जनाउ र समय सिमा नतोकेको अवस्थामा सोझै पक्राउ गरी थुनामा राख्ने कार्य गैरकानूनी र असंवैधानिक छ। मेरो ससुरा हालसम्म कुनै पनि बैङ्कको कालो सूचीमा नपरेको र बैङ्कको कर्जा रकम नियमित रुपमा तिरी बुझाई बैङ्कले आफूलाई प्रदान गरेको कर्जा रकमको उचित सदुपयोग गरिरहेको अवस्थामा निजलाई पक्राउ गर्ने र थुनामा राख्ने कार्यबाट निजको मौलिक हकमा प्रत्यक्ष आघात पारेकोले निजलाई थुनामुक्त गर्नु गराउनु भनी विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरण परमादेश लगायतको जो चाहिने उपयुक्त आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको यस अदालतमा दायर भएको रिट निवेदन।

२. यसमा के कसो भएको हो? निवेदन माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुन नपर्ने भए सो को आधार र कारण खुलाई यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक २४ घण्टाभित्र विपक्षीहरु नं. १ र र ३ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी नं. २ को हकमा आफै वा कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जबाफ पेश गर्नू भनी प्रस्तुत आदेश र रिट निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुका नाउँमा म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नुहोला। साथै, बन्दी तथा निवेदनसँग सम्बन्धित

अनुसन्धानको फाईल केन्द्रिय अनुसन्धान व्युरोबाट महान्यायाधिवक्ताको कार्यालय मार्फत पेशीको दिन झिकाई नियमानुसार पेश गर्नुहोला। सो मिसिल लिई आउन महान्यायाधिवक्ताको कार्यालयलाई समेत जानकारी दिनू भनी यस अदालतबाट मिति २०८३।०४।०७ मा भएको आदेश।

३. रिट निवेदक शशिधर शर्मा एकल संचालक अध्यक्ष रहेको एशियन भिलेज रिसोर्ट प्रा.लि.ले प्रभु बैङ्क लि.बाट लिएको रु. ४८ करोड कर्जा उद्देश्य विपरित प्रयोग गरेको, ऋण लिँदाका बखत कम्पनीका नाममा रहेका जग्गाहरु बैङ्कको नाममा पछि दृष्टिबन्धक गर्ने भनी कबुलियतनामा कागज गराई कर्जा लेना देना भएको सम्बन्धमा नेपाल राष्ट्र बैङ्क, बैङ्क सुपरिवेक्षण विभागले २०८३ असारमा तयार पारेको विशेष स्थलगत निरीक्षण प्रतिवेदनमा एशियन भिलेज रिसोर्ट प्रा.लि.ले जिल्ला रुपन्देही, मायादेवी गाउँपालिका, वडा नं. ४ मा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने जग्गा खरिद गर्ने, प्रवाह हुने कर्जाको रकम जग्गा विक्रेता वा परियोजनाको ठेकेदारलाई सोझै भुक्तानी गर्ने उद्देश्य उल्लेख गरी प्रभु बैङ्क लि.बाट लिएको रु.४८ करोड कर्जाबाट निरीक्षण अवधिसम्म जग्गा खरिद नगरी रिट निवेदकको पारीवारिक सम्बन्ध रहेका व्यक्तिहरुका खातामा रकमान्तर गरी सो पश्चात उक्त रकम विभिन्न व्यक्ति तथा संस्थालाई भुक्तानी गरेको, कर्जाको प्रस्ताव पत्रमा उल्लेखित जग्गाहरु दृष्टिबन्धक नगरी कर्जा प्रवाह गरेको, उक्त कर्जा ऋणीको एकै समूहमा कायम रहेका कम्पनीहरुको कर्जा बापतको बक्यौता भुक्तानी गरी कर्जा दुरुपयोग भएको, प्रभु बैङ्क लिमिटेडले एशियन भिलेज रिसोर्ट प्रा.लि.लाई पर्याप्त धितो संरक्षण नहुने गरी कर्जा प्रवाह गरेको समेतका कार्य बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको कसूर भएकोले उक्त कसूरको अनुसन्धान गर्न नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरोलाई लेखी पठाउन उपयुक्त हुने समेत व्यहोराको विशेष स्थलगत निरीक्षण प्रतिवेदन नेपाल राष्ट्र बैङ्क, बालुवाटार, काठमाडौंको मिति २०८३।०३।३० गतेको पत्रसाथ यस ब्यूरोमा प्राप्त भएकोले निवेदक शशिधर शर्मालाई पक्राउ गरी अनुसन्धान गर्न सम्मानित उच्च अदालत, पाटन, ललितपुरबाट मिति २०८३।०३।३० गते पक्राउ पूर्जी जारी गर्ने अनुमति प्रदान भए पश्चात सोही दिन निवेदकलाई कानून बमोजिम पक्राउ गरी स्वास्थ्य परीक्षण गरी थुनामा राख्नु पर्ने कारण सहितको थुनुवा पूर्जी दिई पक्राउ परेको मितिबाटै लागू हुने गरी सम्मानित उच्च अदालत, पाटनबाट मिति २०८३।०३।३० गतेबाट लागू हुने गरी प्रथम पटक दिन ७ (सात) र मिति २०८३।०४।०५ गतेबाट लागू हुने गरी दोश्रो पटक दिन ५ (पाँच) को म्याद थप अनुमति लिई यस ब्यूरोको हिरासतमा राखी अनुसन्धान गर्ने कार्य भइरहेको, रिट निवेदकलाई बदनियतसाथ थुनामा नराखिएको, कानून बमोजिम नै हिरासतमा राखी अनुसन्धान भइरहेको हुँदा रिट निवेदन खारेज गरिपाउँ

भन्नेसमेत बेहोराको नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रिय अनुसन्धान ब्यूरोको तर्फबाट पेश भएको लिखित जवाफ।

४. एसियन भिलेज रिसोर्ट प्रा.लि.ले प्रभु बैङ्कबाट लिएको रु.४८ करोड कर्जा रकम व्यावसायिक प्रयोजनमा नलगाई उद्देश्य विपरित अन्यत्र लगाएको र ऋण लिदाका बखत कम्पनीका नाउँका जग्गाहरुसमेत बैङ्कको नाममा दृष्टिबन्धक नगरी पछि गर्ने भन्ने कबुलियतनामा कागज गराई कर्जा लेनादेना भएको, उक्त कर्जा रकमले बैङ्कको निरीक्षण अवधिसम्म पनि जग्गा खरिद नगरी उद्देश्य विपरित अन्यत्र खर्च गरी कर्जा रकम दुरुपयोग गरी बैकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर मुद्दामा अनुसन्धानको क्रममा यस अदालतमा म्याद थपको लागि पहिलो पटक मिति २०८३।०३।३१ मा दिन ७ र दोस्रो पटक मिति २०८३।०४।०५ मा दिन ५ नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरोले बिशेष सरकारी वकिल कार्यालय मार्फत पेश भई अनुसन्धानको क्रममा रहेको देखिन्छ। यसरी अनुसन्धानको लागि कानून बमोजिम पक्राउपूर्जी र थुनुवा पूर्जी समेत दिई म्याद थपको लागि पेश भएको अवस्थामा सक्षम इजलासबाट रित वेरित समेत हेरी म्याद थप भएको छ। अतः अनुसन्धानको लागि अदालतबाट म्याद थप गरेको प्रस्तुत विषयलाई गैरकानूनी थुना भनी दायर गरेको प्रस्तुत रिट प्रथम दृष्टि मै निराधार हुँदा खारेज भागी छ। खारेज गरिपाउँ भन्नेसमेत बेहोराको श्री उच्च अदालत पाटनको तर्फबाट पेश भएको लिखित जवाफ।

५. नेपालको अर्थतन्त्रको दीगो विकासमा सहयोग पुग्ने गरी मूल्य र शोधानान्तर स्थिरता तथा समग्र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्ने, वित्तीय सेवाको पहुँच अभिवृद्धिका साथै बैङ्किङ्ग तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने जिम्मेवारी केन्द्रीय बैङ्कको हैसियतमा नेपाल राष्ट्र बैङ्कको हो। नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८४ ले यस बैङ्कबाट इजाजतपत्रप्राप्त बैङ्क तथा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गर्ने अख्तियारी यस बैङ्कलाई प्रदान गरेको छ। सोही प्रयोजनका लागि ऐ. दफाको उपदफा (१) को प्रयोजनका लागि ऐ. ऐनको दफा १११ को उपदफा (२) को खण्ड (झ) ले दिएको अधिकार बमोजिम "नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४" जारी भै सोही विनियमावली अनुसार यस बैङ्कले इजाजतपत्र प्राप्त बैङ्क तथा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गर्ने कार्य गर्दै आएको छ भने यस बैङ्कबाट भएको निरीक्षण तथा सुपरिवेक्षणमा कुनै कैफियत भेटिएमा नियामकीय कारवाहिको हकमा यस बैङ्क स्वयंले कारवाहि गर्ने गरेको र अन्य कसूरका हकमा कारवाहिका लागि सम्बन्धित निकायमा लेखी पठाउने गरेको छ।

६. मुद्दामा उठान गरिएको विषयमा सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागले पत्र संख्याः ८२/८३, मिति २०८३।०३।१५ मा निवेदक शशिधर शर्मा अध्यक्ष रहेको एसियन

भिलेज रिसोर्ट प्रा. लि. ले प्रभु बैङ्कबाट रु.४८ करोड कर्जा लिई उक्त कर्जा व्यावसायीक प्रयोजनमा नलगाई उदेश्य विपरीत अन्यन्त्र लगाएको देखिन आएको र ऋण लिँदाका बखत कम्पनीका नाँउका जग्गाहरु समेत बैङ्कको नाममा दृष्टिबन्धक समेत नगरी पछि गर्ने भन्ने कबुलियतीनामा कागज गराई कर्जा लेनादेना भएको देखिन आएकोले यस सम्बन्धमा पाँच दिनभित्र छानबीन गरी प्रतिवेदन अनुसन्धानकारी निकायमा प्रेषित गरी सोको जानकारी यस विभागलाई समेत दिनु भनी यस बैङ्कलाई पत्राचार गरे पश्चात यस बैङ्कले एसियन भिलेज रिसोर्ट प्रा.लि. लाई प्रवाह भएको कर्जाको सम्बन्धमा यस बैङ्कको बैङ्क सुपरिवेक्षण विभागबाट विशेष स्थलगत निरीक्षण गर्दा "एशियन भिलेज रिसोर्ट प्रा. लि. ले मायादेवी गाउँपालिका वडा नं. ४, रुपन्देहीमा रिसोर्ट निर्माणका लागि आवश्यक पर्ने जग्गा खरिद गर्ने, प्रवाह हुने कर्जाको रकम जग्गा विक्रेता वा परियोजना ठेकेदारलाई सोझै भुक्तानी गर्ने उद्देश्य उल्लेख गरी प्रभु बैङ्क लि.बाट लिएको रु.४८ करोड कर्जा रकमलाई निरीक्षण अवधिसम्म जग्गा खरिद नगरी अध्यक्षको पारिवारिक सम्बन्ध देखिएका व्यक्तिहरुका खातामा रकमान्तर गरी अन्तिममा विभिन्न व्यक्ति तथा संस्थालाई भुक्तानी गरेको ऋणीको एकै समुहमा कायम रहेका कम्पनीहरुको कर्जा वापतको वक्यौता भुक्तानी गर्न प्रयोग गरेको, कर्जा रकम दुरुपयोग भएको देखिएको र उक्त कर्जा प्रवाहका क्रममा भएका अभ्यास एवम् कर्जा प्रवाह पश्चात कर्जा रकम विभिन्न प्रयोजनमा लगाएको देखिएबाट प्रभु बैङ्क लि.ले एशियन भिलेज रिसोर्ट प्रा.लि. लाई पर्याप्त धितो सुरक्षणको व्यवस्था नगरी तथा बैङ्क कै आन्तरिक निर्देशिका विपरित हुनेगरी कर्जा प्रवाह गरेको र ऋणी कम्पनीले समेत कर्जाको रकम उद्देश्य अनुसारको कार्यमा खर्च नगरी अन्यत्र खर्च गरेको देखिन आएकोले सो कार्य बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ कर्जाको दुरुपयोग गर्न नहुनेः "कसैले पनि बैङ्क वा वित्तीय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्नु वा गराउनु हुँदैन।" भन्ने व्यवस्था बमोजिम सो सम्बन्धमा थप अनुसन्धान गर्न नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरोलाई विशेष स्थलगत निरीक्षण प्रतिवेदनसहित मिति २०८३।०३।३० मा यस बैङ्कको पत्र संख्याः ग.का./अख्तियार/२०३/०८२/८३ को पत्र मार्फत लेखि पठाएको र सोको जानकारी सम्पत्ती शुद्धिकरण अनुसन्धान विभागलाई दिएको हो। निवेदकलाई थुनामा राख्ने वा थुनामुक्त गर्ने सम्बन्धमा यस बैङ्कको कुनै संलग्नता र भूमिका नरहेको अवस्थामा यस बैङ्कलाई प्रत्यर्थी बनाई दायर गरेको रिट निवेदन खारेजभागी छ, खारेज गरिपाँउ भन्नेसमेत बेहोराको नेपाल राष्ट्र बैङ्क, केन्द्रिय कार्यालय, बैङ्क सुपरिवेक्षण विभागको तर्फबाट पेश भएको लिखित जवाफ।

७. यसमा नेपाल राष्ट्र बैङ्क, बैङ्कको सुपरिवेक्षण विभागले निवेदकले उपभोग गरेको कर्जा सम्बन्धमा अनुसन्धान गरी तैयार पारेको प्रतिवेदन र सो सम्बन्धी उजुरी लगायतका भए गरेका निर्णयको सम्पूर्ण फाईल नेपाल राष्ट्र बैङ्कबाट मिति २०८३।०४।१४ गते सुनुवाईको दिन देखाई फिर्ता लैजाने गरी झिकाई नियमानुसार पेश गर्नु भनी यस अदालतबाट मिति २०८३।०४।११ मा भएको आदेश।

यस अदालतको आदेश

८. नियम बमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनपत्रसहित मिसिल संलग्न कागजातहरुको अध्ययन गरियो।

९. रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री गोविन्द प्रसाद शर्मा, श्री नरेन्द्र प्रसाद गौतम र श्री शुशील कुमार पन्त तथा विद्वान् अधिवक्ताद्वय श्री रवि राज वसौला र श्री कीर्तिनाथ शर्मा पौडेलले शशिधर शर्माले एशियन भिलेज रिसोर्ट प्रा.लि.को नामबाट रिसोर्ट निर्माण गर्न आवश्यक जग्गा खरिदका लागि प्रभु बैङ्क लिमिटेडबाट लिएको कर्जा जग्गा खरिद गर्ने प्रयोजनमै प्रयोग भएको छ। सो रकम जग्गा खरिदकै लागि अन्य व्यक्तिहरूको खातामा स्थानान्तरण भएको हो। कर्जाको किस्ता बैङ्कको नियमानुसार नियमित रूपमा बुझाउँदै आएको र कर्जा दुरुपयोग भयो भनी प्रभु बैङ्कले हालसम्म कुनै सूचना नदिएबाट पनि कर्जा दुरुपयोग नभएको पुष्टि हुन्छ। सम्पत्ति शुद्धीकरणको आरोपमा हिरासतमा राख्न नसकेपछि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको निर्देशनमा नेपाल राष्ट्र बैङ्कको बैङ्क सुपरिवेक्षण विभागबाट भएको भनिएको विशेष स्थलगत निरीक्षण प्रतिवेदनलाई आधार बनाई नियोजित रूपमा निजलाई हिरासतमा राखिएको छ। म्याद थप गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) को प्रक्रिया पूरा गरिएको छैन। बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १९ बमोजिम निजबाट प्रमाण लोप वा नाश हुन सक्ने वा अनुसन्धानमा बाधा अवरोध पुग्न सक्ने पर्याप्त सम्भावना नरहेको अवस्थामा थुनामा राख्ने गरी भएको म्याद थप कानूनविपरीत छ। बैङ्किङ्ग कसूरको अनुसन्धान Doctrinal हुन्छ, Non-doctrinal हुँदैन। त्यसैले प्रमाण लोप वा नाश गर्ने वा अनुसन्धानमा अवरोध गर्ने कुरा पुष्टि हुनैपर्छ। हिरासतमा राखी अनुसन्धान गर्न पर्याप्त कारण र औचित्य खुलेको हुनुपर्छ भनी यस अदालतबाट विभिन्न मुद्दामा सिद्धान्त प्रतिपादन भएका छन्। तसर्थ आधार र कारणबिना पक्राउ गरी थुनामा राख्ने कार्यबाट निजको मौलिक हकमा प्रत्यक्ष आघात परेकाले बन्दीप्रत्यक्षीकरणलगायत उपयुक्त आदेश जारी गरी निजलाई थुनामुक्त गरिपाऊँ भनी गर्नुभएको बहस सुनियो।

१०. विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले नेपाल राष्ट्र बैङ्कको बैङ्क सुपरिवेक्षण विभागबाट भएको विशेष स्थलगत निरीक्षण प्रतिवेदनमा जुन प्रयोजनका लागि कर्जा सुविधा लिइएको हो सो प्रयोजनमा नलगाई आफन्तहरूको खातामा रकम स्थानान्तरण गरी कर्जाको दुरुपयोग गरेको भनी स्पष्ट रूपमा उल्लेख भएको छ। निजलाई हिरासतमा नराखी अनुसन्धान गरेमा प्रमाण लोप गर्न सक्ने र साक्षीहरूलाई प्रभावमा पार्न सक्ने भएकाले कानूनबमोजिम हिरासतमा राखी अनुसन्धान भइरहेको हुँदा निवेदन दाबीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाऊँ भनी गर्नुभएको बहस सुनियो।

११. त्यसैगरी विपक्षी नेपाल राष्ट्र बैङ्कको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री रामेश्वर भण्डारी र श्री हेमराज अधिकारीले निवेदकले दाबी गरेजस्तो नेपाल राष्ट्र बैङ्कले कुनै पूर्वाग्रह राखी प्रतिवेदन तयार गरेको होइन। विशेष स्थलगत निरीक्षण गर्दा देखिएको बैङ्किङ्ग कारोबारका आधारमा नै प्रतिवेदनमा बेहोरा उल्लेख गरिएको हो। सोही प्रतिवेदन नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरोलाई उपलब्ध गराइएको र प्रभु बैङ्कलाई समेत निर्देशन दिइएको हो। निजलाई थुनामा राख्ने वा थुनामुक्त गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैङ्कको कुनै संलग्नता र भूमिका नरहेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भनी गर्नुभएको बहससमेत सुनियो।

१२. उपर्युक्तबमोजिमको निवेदन माग, विपक्षीहरूको लिखित जवाफ र दुवै पक्षका विद्वान् कानून व्यवसायीहरूले प्रस्तुत गर्नुभएको बहस जिकिरसमेतलाई दृष्टिगत गर्दा प्रस्तुत रिट निवेदनमा मूलतः देहायका प्रश्नहरूमा निर्णय दिनुपर्ने देखिन आयोः

(क) बन्दीप्रत्यक्षीकरणको निवेदनमा यस अदालतले गर्ने न्यायिक परीक्षणको प्रकृति र दायरा कति हो? सक्षम अदालतको अनुमतिले अनुसन्धानको सिलसिलामा रहेको थुनाउपर यो रिट कुन अवस्थामा आकर्षित हुन्छ र कुन अवस्थामा आकर्षित हुँदैन?

(ख) निवेदकका ससुरा शशिधर शर्माको पक्राउ तथा थुना संविधान र कानूनले निर्धारण गरेको कार्यविधि एवं सर्तबमोजिम भएको छ वा छैन?

(ग) कर्जाको दुरुपयोग नभएको, कर्जा प्रवाह गर्ने बैङ्कले उजुर नगरेको र बदनियतपूर्वक थुनामा राखिएको भन्ने निवेदन जिकिरका आधारमा उक्त थुना गैरकानूनी ठहर्छ वा ठहर्दैन?

(घ) निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन?

१३. निर्णयतर्फ विचार गर्दा, निवेदकका ससुरा शशिधर शर्मा (यसपछि "बन्दी" भनिएको) ले एशियन भिलेज रिसोर्ट प्रा.लि.को नामबाट रिसोर्ट निर्माणका लागि आवश्यक जग्गा खरिद गर्न प्रभु बैङ्क लिमिटेडबाट रु. ४८ करोड कर्जा लिई बैङ्कको नियमानुसार किस्ता नियमित रूपमा बुझाउँदै आएको, सो रकमबाट कम्पनीका नाममा जग्गा खरिद गर्न विभिन्न व्यक्तिलाई बैना दिइएको, आफू र आफन्तका नाममा रहेका केही जग्गा धितो मूल्याङ्कन गरी कम्पनीका नाममा ल्याउने प्रक्रिया अगाडि बढेको र २-७-१९-० जग्गा कम्पनीका नाममा नामसारी भइसकेको, कर्जा दुरुपयोग भयो भनी प्रभु बैङ्कले कुनै उजुरी नगरेको र रकम भुक्तान गर्न कुनै जनाउ वा समयसीमा नतोकेको अवस्थामा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको निर्देशनमा तयार भएको नेपाल राष्ट्र बैङ्क, बैङ्क सुपरिवेक्षण विभागको प्रतिवेदनका आधारमा नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरोले मिति २०८३।३।३० मा पक्राउ गरी उच्च अदालत पाटनबाट पहिलो पटक ७ दिन र दोस्रो पटक ५ दिनको म्याद थप गराई गैरकानूनी थुनामा राखेकाले बन्दीप्रत्यक्षीकरणलगायत उपयुक्त आदेश जारी गरी थुनामुक्त गरिपाऊँ भन्ने मुख्य निवेदन दाबी रहेको देखिन्छ। बन्दी अध्यक्ष रहेको एशियन भिलेज रिसोर्ट प्रा.लि.ले जग्गा खरिद गर्ने भनी लिएको कर्जा सो प्रयोजनमा नलगाई उद्देश्यविपरीत अन्यत्र लगाई कर्जाको दुरुपयोग गरेको भन्ने नेपाल राष्ट्र बैङ्क, बैङ्क सुपरिवेक्षण विभागको विशेष स्थलगत निरीक्षण प्रतिवेदनबाट देखिएकाले निजलाई कानूनबमोजिम पक्राउ गरी अदालतबाट म्याद थप भई अनुसन्धान भइरहेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने करिब एकै मिलानको बेहोरा उल्लेख गरी विपक्षीहरूको तर्फबाट छुट्टाछुट्टै लिखित जवाफ पेस भएको देखिन्छ।

१४. मिसिल संलग्न कागजातबाट एशियन भिलेज रिसोर्ट प्रा.लि.ले प्रभु बैङ्क लिमिटेडबाट मिति २०८१।१०।०४ को निर्णयअनुसार रु. ४८ करोड कर्जा लिएको र बन्दी सो कम्पनीका अध्यक्ष रहेको तथ्यमा विवाद देखिँदैन। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले मिति २०८३।०३।१५ को पत्रबाट उक्त कर्जा व्यावसायिक प्रयोजनमा नलगाई उद्देश्यविपरीत अन्यत्र लगाएको र ऋण लिँदाका बखत कम्पनीका नाउँका जग्गासमेत बैङ्कको नाममा दृष्टिबन्धक नगरी पछि गर्ने भन्ने कबुलियतनामा गराई कर्जा लेनदेन भएको देखिन आएको भनी पाँच दिनभित्र छानबिन गरी प्रतिवेदन अनुसन्धानकर्ता निकायमा पठाउन नेपाल राष्ट्र बैङ्कलाई लेखी पठाएको देखिन्छ। सोपश्चात् नेपाल राष्ट्र बैङ्क, बैङ्क सुपरिवेक्षण विभागले गरेको विशेष स्थलगत निरीक्षणको प्रतिवेदनमा रिसोर्ट निर्माणका लागि आवश्यक जग्गा खरिद गर्ने र प्रवाह हुने कर्जाको रकम जग्गा बिक्रेता वा परियोजनाको ठेकेदारलाई सोझै भुक्तानी गर्ने उद्देश्य उल्लेख गरी लिइएको कर्जाबाट निरीक्षण अवधिसम्म जग्गा खरिद नगरी अध्यक्षसँग पारिवारिक सम्बन्ध देखिएका व्यक्तिहरूका खातामा रकमान्तर गरी अन्तिममा विभिन्न व्यक्ति तथा संस्थालाई भुक्तानी गरिएको, ऋणीको एकै समूहमा कायम

रहेका कम्पनीहरूको कर्जाबापतको बक्यौता भुक्तानी गर्न प्रयोग गरिएको र बैङ्कले पर्याप्त धितो सुरक्षणको व्यवस्था नगरी तथा आफ्नै आन्तरिक निर्देशिकाविपरीत हुने गरी कर्जा प्रवाह गरेको भन्ने बेहोरा उल्लेख भई सो कार्य बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ विपरीत देखिएको भनी थप अनुसन्धानका लागि मिति २०८३।०३।३० को पत्रसाथ नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरोमा पठाइएको देखिन्छ।

१५. बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ ले बैङ्क वा वित्तीय संस्थाबाट जुन प्रयोजनका लागि कर्जा सुविधा लिइएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्न वा गराउन निषेध गरेको छ। सो निषेधको उल्लङ्घनलाई ऐनको दफा १५ को उपदफा (२) ले कसूरसँग सम्बन्धित बिगोको मात्राअनुसार कैद र बिगो भराई बिगोबमोजिम जरिवाना हुने कसूरका रूपमा राखेको छ। ऐनको दफा १८ ले यस ऐनअन्तर्गत सजाय हुने मुद्दा नेपाल सरकार वादी हुने र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था गरेको छ। यसबाट कर्जाको दुरुपयोगलाई विधायिकाले ऋणी र ऋणदाताबीचको करारीय विषयमा मात्र सीमित नराखी बैङ्किङ्ग तथा वित्तीय प्रणालीप्रतिको सार्वजनिक विश्वाससँग जोडिएको, राज्यले अनुसन्धान र अभियोजन गर्ने फौजदारी कसूरका रूपमा परिभाषित गरेको देखिन्छ।

१६. **अब पहिलो प्रश्नतर्फ हेर्दा,** नेपालको संविधानको धारा १७ को उपधारा (१) ले कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित नगरिने प्रत्याभूति दिएको छ। धारा २० ले पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा नराखिने, पक्राउ परेको व्यक्तिलाई बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने र त्यस्तो अधिकारीको आदेशबिना थुनामा नराखिने तथा कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने हकलाई न्यायसम्बन्धी हकका रूपमा संरक्षण गरेको छ। यी हकको प्रचलनका लागि धारा ४६ ले संवैधानिक उपचारको हक प्रदान गरेको र धारा १३३ को उपधारा (२) र (३) ले यस अदालतलाई बन्दीप्रत्यक्षीकरणलगायतका आदेश जारी गर्ने असाधारण अधिकार सुम्पेको छ। तसर्थ बन्दीप्रत्यक्षीकरण अदालतको अनुकम्पामा निर्भर उपचार नभई वैयक्तिक स्वतन्त्रताको संवैधानिक प्रत्याभूतिलाई व्यवहारमा प्रभावकारी बनाउने उपचार हो।

१७. बन्दीप्रत्यक्षीकरण (*Habeas Corpus ad subjiciendum*) वैयक्तिक स्वतन्त्रताको संरक्षणका लागि विकसित सबैभन्दा प्राचिन र प्रभावकारी न्यायिक उपचार मानिन्छ। सन् १२१५ को बेलायती म्याग्नाकार्टाले मुलुकको कानूनबमोजिम बाहेक कुनै स्वतन्त्र व्यक्तिलाई थुनामा नराखिने मान्यता स्वीकार गरेपछि क्रमशः विकसित हुँदै सन् १६७९ को Habeas Corpus Act बाट यस उपचारले विधायिकी मान्यता पाएको हो। यससँगै, नेपाल पक्ष रहेको र नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम नेपाल कानूनसरह लागू हुने नागरिक तथा

राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ९ ले स्वेच्छाचारी तवरबाट गरिने पक्राउ र थुनालाई निषेध गर्दै पक्राउ परेको व्यक्तिलाई अविलम्ब मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने, आफ्नो मुद्दाको सुनुवाइ पर्खिरहेका व्यक्तिलाई थुनामा राख्नु सामान्य नियम हुन नहुने र थुनाको वैधता अदालतबाट जाँच गराउन पाउने हक सुनिश्चित गरेको छ। संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार समितिले सामान्य टिप्पणी नं. ३५ (२०१४) मा त्यस्तो थुना व्यक्तिविशेषको अवस्थाको मूल्याङ्कनमा आधारित, मनासिब र आवश्यक हुनुपर्ने उल्लेख गरेको छ।

१८. तुलनात्मक विधिशास्त्रमा पनि यिनै मान्यता स्थापित छन्। बेलायतको हाउस अफ लर्ड्सले ***R v. Secretary of State for the Home Department, ex parte Khawaja*, [1984] AC 74** को मुद्दामा व्यक्तिको स्वतन्त्रता अपहरण भएको अवस्थामा थुनालाई वैध बनाउने तथ्य र कानूनी आधारको अस्तित्व प्रमाणित गर्ने भार कार्यकारीमै रहने र अदालतले त्यसको वस्तुगत परीक्षण गर्न सक्ने ठहर गरेको छ। ***Liversidge v. Anderson*, [1942] AC 206** को मुद्दामा लर्ड एट्किनले राखेको, स्वतन्त्रताको प्रश्नमा अदालतले कार्यकारीको भनाइलाई नै अन्तिम मान्न नहुने भन्ने भिन्न मत पछि गएर मान्य सिद्धान्तका रूपमा स्वीकार भएको छ। बेलायतकै सर्वोच्च अदालतले ***Secretary of State for Foreign and Commonwealth Affairs v. Rahmatullah*, [2012] UKSC 48** को मुद्दामा थुना गैरकानूनी देखिएको अवस्थामा यो रिट अधिकारका रूपमा जारी हुने र अदालतको तजबिजमा निर्भर नरहने उल्लेख गरेको छ। संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले ***Harris v. Nelson*, 394 U.S. 286 (1969)** को मुद्दामा बन्दीप्रत्यक्षीकरणलाई राज्यका स्वेच्छाचारी र गैरकानूनी कारबाही विरुद्ध वैयक्तिक स्वतन्त्रता जोगाउने आधारभूत उपकरण मानेको छ भने ***Boumediene v. Bush*, 553 U.S. 723 (2008)** को मुद्दामा थुनाको वैधतामा प्रश्न उठाउने सार्थक अवसर बन्दीले पाउनुपर्ने र यो उपचार शक्ति पृथकीकरणको सिद्धान्तसँगसमेत जोडिएको व्याख्या गरेको छ। क्यानडाको सर्वोच्च अदालतले ***Mission Institution v. Khela*, 2014 SCC 24** को मुद्दामा वैयक्तिक स्वतन्त्रता अपहरण भएको र त्यसको वैधतामा मनासिब प्रश्न उठेको देखाएपछि थुनालाई वैध प्रमाणित गर्ने भार थुनामा राख्ने निकायमा सर्ने बताएको छ। भारतको सर्वोच्च अदालतले ***Kanu Sanyal v. District Magistrate, Darjeeling*, (1973) 2 SCC 674** को मुद्दामा बन्दीप्रत्येक्षीकरण रिटको उद्देश्य गैरकानूनी थुनाबाट छिटो मुक्ति दिलाउनु रहेको र सोही पक्षको अर्को ***Kanu Sanyal v. District Magistrate, Darjeeling*, (1974) 4 SCC 141** मुद्दामा थुनाको वैधता निवेदन दर्ता हुँदाको अवस्थाले मात्र नभई अदालतसमक्ष जवाफ पेस हुँदा वा सुनुवाइ हुँदाको अवस्थासम्मका आधारमा परीक्षण गरिने सिद्धान्त प्रतिपादन गरेको देखिन्छ।

१९. यस अदालतको आफ्नै न्यायिक अभ्यास पनि यही दिशामा विकसित छ। **यज्ञमूर्ति बज्राडे वि. दुर्गादास श्रेष्ठ, बागमती विशेष अदालतसमेत** (ने.का.प. २०२७, अंक १ नि.नं. ५४७) को मुद्दामा न्यायिक निकायको आदेशबाट थुनामा रहेको अवस्थामासमेत सो निकायको अधिकारक्षेत्र र कानूनले तोकेको कार्यविधिको पालना भए नभएको परीक्षण गरी आदेश जारी भएको छ। **इमानसिंह गुरुङ वि. सैनिक विशेष अदालतसमेत** (ने.का.प. २०४९ (ग), अङ्क ८ ४५९७) को मुद्दामा अधिकारक्षेत्र नभएको निकायको कारबाहीबाट भएको थुना कानूनबमोजिमको थुना हुन नसक्ने दृष्टिकोण लिइएको छ। **राजेन्द्र ढकालसमेत वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत** (ने.का.प. २०६४, अङ्क २, नि.नं. ७८१७) को मुद्दामा बन्दीप्रत्यक्षीकरणको निवेदनमा अदालतको भूमिका औपचारिकतामा मात्र सीमित नरही वैयक्तिक स्वतन्त्रताको प्रभावकारी संरक्षणतर्फ सक्रिय हुनुपर्ने कुरामा जोड दिइएको छ। **विजयराज निरौलासमेत विरूद्ध प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत** भएको रिट निवेदनमा (ने.का.प. २०७२ अंक १ निर्णय नं. ९३२६) 'अपराधमा अनुसन्धान अधिकारीले अनुसन्धानको लागि पक्राउ परेका व्यक्तिलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्ने आधार र कारण स्पष्ट उल्लेख गरेर मात्र अनुमति माग गर्नुपर्ने र त्यस्तो अवस्था स्पष्ट उल्लेख गरी म्याद थपको अनुमति माग भएमा त्यस्तो अनुमति माग गर्दा पेस भएका कागजातको उचित र न्यायिक मूल्याङ्कन गरेर र अदालत सन्तुष्ट भएमा मात्र अदालतले म्याद थपको अनुमति दिन सक्ने हुन्छ । थुनामा राखी अनुसन्धान गर्नुपर्ने कुनै सन्तोषजनक आधार नभए पनि र कुनै कानूनको उल्लङ्घन गरेको वा आपराधिक कार्य गरेको भन्ने प्रथम दृष्टिमा नै नदेखिएको अवस्थामा पनि थप अवधि हिरासतमा राख्न अनुमति माग्न नमिल्ने र यस्तोमा मुद्दा हेर्ने अधिकारीले पनि थुनामा राखी अनुसन्धान गर्नुपर्ने आवश्यक अवस्था विचार नगरी म्याद थपको अनुमति माग गरेकै कारणले थुनामा राख्न म्याद थप गर्न मनासिब वा कानूनसङ्गत नहुने' व्याख्या गरेको छ ।यसैगरी **अभिवक्ता नरोत्तम पाण्डेको हकमा शारदा पाण्डे विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत** भएको रिट निवेदनमा (ने.का.प. २०७५ अंक ५ निर्णय नं. १००२०) 'कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी बिना आधार र कारण व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन् गर्ने अधिकार संविधान र कानूनले कसैलाई पनि प्रदान गरेको छैन । व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण गर्दा संवेदनशील हुनुपर्ने हुन्छ भन्ने व्याख्या भई उल्लेखित आधारहरुमा म्याद थपको आदेश भएकै अवस्थामा पनि बन्दीप्रत्येक्षीकरणको रिट जारी हुने' सिद्धान्त स्थापित गरिएको छ । यी निर्णयहरुको सार थुनाको आदेश कसले दियो भन्ने कुराभन्दा सो आदेश दिने अधिकार कानूनले दिएको छ वा छैन र कानूनले तोकेको कार्यविधि पूरा भएको छ वा छैन भन्ने प्रश्न निर्णायक हुन्छ भन्ने नै हो।

२०. उल्लेखित नजिर सिद्धान्तहरुको समग्र विवेचनाबाट के निष्कर्ष निस्कन्छ भने म्याद थप गर्ने कार्य यान्त्रिक (Mechanical) हुनु हुँदैन। मुद्दा हेर्ने अधिकारीले अभियुक्तलाई हिरासतमा राख्नुपर्ने आवश्यकता र औचित्यमाथि आफ्नो न्यायिक मन (Judicial Mind) प्रयोग गर्नुपर्छ। पक्राउ परेका व्यक्तिले कुनै कानुनको उल्लङ्घन गरेको वा आपराधिक कार्य गरेको कुरा प्रथम दृष्टि (Prima Facie) मा नै स्थापित हुने आधार नदेखिएमा हिरासतमा राख्ने अनुमति दिन मिल्दैन। अघिल्लो पटक म्याद थप गर्दा अनुसंधानको के-के काम भयो र अब थपिएको अवधिमा के-के काम गर्न बाँकी छ भन्ने कुराको स्पष्ट खाका अनुसन्धान अधिकारीले पेस गर्नुपर्छ। हिरासतमा राखेर गरिएको अनुसन्धान कार्य सन्तोषजनक रूपमा अघि बढेको देखिनु अनिवार्य छ। केवल हिरासतमा राख्ने अवधि लम्ब्याउने उद्देश्यले मात्र म्याद थप गर्न पाइँदैन। अनुसन्धानको क्रममा थुनामा राख्ने अधिकार कानूनले दिएको छ भन्ने कुराले मात्र हरेक अवस्थामा थुना औचित्यपूर्ण हुन्छ भन्ने होइन। कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने संवैधानिक हकको सन्दर्भमा अनुसन्धानका लागि थुना अपवादात्मक उपाय हो। स्वतन्त्रता सामान्य नियम हो भने थुना अपवाद हो। थुनालाई वैध बनाउने आधार कानूनमै भेटिनुपर्छ। थुनाको वैधता पुष्टि गर्ने भार थुनामा राख्ने पक्षमा रहन्छ भन्ने यसका आधारभूत मान्यता हुन्। कुनै व्यक्तिलाई थुनामा राख्ने जोसुकैले पनि सो थुनाको कानूनी आधार अदालतसमक्ष देखाउनुपर्छ र देखाउन नसकेमा बन्दी तत्काल मुक्त हुनुपर्छ भन्ने नै यस उपचारको सार हो।

२१. अपितु, बन्दीप्रत्यक्षीकरणको अधिकारक्षेत्र पुनरावेदकीय वा साधारण अधिकारक्षेत्रको विकल्प होइन। यस रोहमा अदालतले बन्दीमाथि लागेको आरोप सत्य हो वा होइन, सङ्कलित प्रमाण कसूर स्थापित गर्न पर्याप्त छ वा छैन भनी प्रमाणको मूल्याङ्कन गर्दैन। थुना कानूनसम्मत छ वा छैन भन्नेसम्म हेर्छ। संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले ***Ex parte Watkins*, 28 U.S. (3 Pet.) 193 (1830)** देखि नै सक्षम अधिकारक्षेत्र भएको अदालतको आदेशलाई बन्दीप्रत्यक्षीकरणको माध्यमबाट पुनरावेदनसरह जाँच गर्न नमिल्ने मान्यता राख्दै आएको छ। भारतको सर्वोच्च अदालतले ***Manubhai Ratilal Patel v. State of Gujarat*, (2013) 1 SCC 314** को मुद्दामा सक्षम अदालतको आदेशले न्यायिक वा प्रहरी हिरासतमा रहेको व्यक्तिका हकमा सो आदेश प्रथम दृष्टिमै अधिकारक्षेत्रविहीन, पूर्णतः यान्त्रिक वा सरासर गैरकानूनी नदेखिएसम्म बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने ठहर गरेको छ। सोही अदालतले ***V. Senthil Balaji v. State*, (2024) 3 SCC 51**; **2023 *INSC* 677** को मुद्दामा अनिवार्य कानूनी व्यवस्थाको पालना नभएको एवम् न्यायिक मनको प्रयोग नै नभएको अवस्थामा बाहेक न्यायिक अधिकारीको हिरासतसम्बन्धी आदेशलाई सामान्यतः रिटबाट चुनौती दिन नमिल्ने बताएको पाइन्छ। भारतको सर्वोच्च अदालतले ***Joginder Kumar v. State of U.P.*, (1994) 4 SCC 260** को मुद्दामा पक्राउ गर्ने अधिकार हुनु एउटा

कुरा र सो अधिकारको प्रयोगको औचित्य हुनु अर्को कुरा भएको बताएको छ भने ***Arnesh Kumar v. State of Bihar*, (2014) 8 SCC 273** को मुद्दामा थुनाको अनुमति दिने न्यायिक अधिकारीले थुनाको आवश्यकताबारे आफू सन्तुष्ट भई कारण खुलाउनुपर्ने, अनुमति सहज र यान्त्रिक रूपमा दिन नहुने व्याख्या गरेको छ। संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले ***Gerstein v. Pugh*, 420 U.S. 103 (1975)** को मुद्दामा पक्राउपछि राखिएको थुनाको अनावश्यक लामो अवधी पनि न्यायिक निरूपणको पूर्वसर्त हुने ठहर गरेको छ।

२२. यस अदालतबाट **भरतराज तुलाधरको छोरा विजयराज तुलाधर विरूद्ध काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत** भएको बन्दीप्रत्येक्षीकरणको रिटनिवेदनमा (ने.का.प. २०७५ अंक १० निर्णय न. १०१०८) बन्दीप्रत्यक्षीकरणको रिट निवेदनका सन्दर्भमा थुनाको कानूनी वैधता (Legality) सम्म परीक्षण गरिने हो । मातहत अदालतमा विचाराधीन रहेका मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गरी इन्साफ गरेको परिणाम आउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु हामीले अख्तियार गरी आएको मान्यता, प्रणाली वा अवधारणा प्रतिकूल हुन जाने सिद्धान्त प्रतिपादित छ । **अम्बरबहादुर गुरुङको हकमा रमेशमान स्थापित विरुद्ध त्रि.वि. सुरक्षा गार्ड कार्यालय गौचरनसमेत भएको बन्दीप्रत्येक्षीकरण** रिटनिवेदनमा (ने.का.प. २०४९(क) अङ्क १ निर्णय नं. ४४५०)जुन बखतमा थुनाको वैधताको परीक्षा भइरहेको छ सो समयमा थुना कानुनी देखिन आउँदछ भने बन्दीप्रत्यक्षीकरणको रिट जारी गर्न नमिल्ने सिद्धान्त कायम भएको छ । यो रिटमा बन्दीप्रत्यक्षीकरणको रिट लगायत परमाधिकारी आदेशहरु (Prerogative Writs) कुन कुन अवस्थामा जारी हुन्छन भन्ने कुरा ऐन नियममा नकिटिई रिट जारी गर्न सक्ने अधिकारसम्म तोक्ने गरेको पाइन्छ । यस प्रकारका असाधारण उपचार प्रदान गर्ने शर्त र तौरतरिका सिद्धान्तको रुपमा रहेका हुन्छन् । यी उपचार न्यायपालिकाको सद्विवेकाधीन रहने प्रकृतिका भए पनि न्यायिक सद्विवेकको प्रयोग स्वेच्छाचारी तवरले गर्न नहुने हुँदा रिट सम्बन्धी सिद्धान्तको रुपमा रहेका यी मान्यताहरुको अन्तर्गत रहेर रिट जारी हुने नहुने कुरामा न्यायिक तजबीजको प्रयोग गर्नुपर्ने उल्लेख छ । यी स्थापित सिद्धान्तहरुको निष्कर्ष के हो भने यदि अनुसन्धान अधिकारीले प्रवृत्तभावना (Mala Fide) राखेर, कानुनले तोकेको अधिकतम अवधि नाघेर, वा पूर्णतः क्षेत्राधिकार बाहिर गएर म्याद थप गरेको अवस्थामा बाहेक, रीतपूर्वक र नियमित प्रकृयाबाट भइरहेको म्याद थपमा बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा हस्तक्षेप गरिँदैन।

२३. उल्लिखित संवैधानिक व्यवस्था, विधिशास्त्रीय मान्यता र न्यायिक दृष्टान्तका आधारमा सक्षम अदालतको अनुमतिले अनुसन्धानको सिलसिलामा रहेको थुनाउपर परेको बन्दीप्रत्यक्षीकरणको निवेदनमा देहायका कुराको परीक्षण गर्नुपर्ने देखिन्छः (क) थुनामा राख्न अनुमति दिने कानून विद्यमान छ वा छैन र आरोपित कार्य कानूनले

कसूर मानेको कार्य हो वा होइन, (ख) पक्राउ गर्ने निकाय र थुनाको अनुमति दिने अदालतलाई सो गर्ने अधिकारक्षेत्र छ वा छैन, (ग) पक्राउको कारणसहितको पूर्जी, चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्षको उपस्थिति र कानूनले तोकेको अवधिको सीमाजस्ता बाध्यात्मक कार्यविधि पालना भएका छन् वा छैनन्, (घ) थुनाको अनुमति न्यायिक मन प्रयोग नगरी यान्त्रिक रूपमा दिइएको, प्रवृत्तभावना वा बदनियतपूर्वक लिइएको देखिन्छ वा देखिँदैन, र (ङ) सुनुवाइ हुँदाका बखत थुना कायम राख्ने कानूनी आधार विद्यमान छ वा छैन। यी कसीमा थुना खरो उत्रेमा अदालतले आरोपको सत्यतामा प्रवेश गरी थुनामुक्त गर्ने बन्दीप्रत्येक्षीकरणको आदेश दिन मिल्दैन। यी मध्ये कुनै एक कसीमा पनि थुना असफल भएमा आदेश जुनसुकै निकायको भए पनि बन्दी मुक्त हुनुपर्छ। हाम्रो कानूनले पनि म्याद थपलाई न्यायिक कार्यका रूपमा राखी मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजात हेरी अनुसन्धान सन्तोषजनक रूपमा भए नभएको विचार गरेर मात्र अनुमति दिन सक्ने व्यवस्था गरेको छ। तसर्थ, म्याद थपको हरेक चरणमा थुनाको आवश्यकता र औचित्यको स्वतन्त्र न्यायिक परीक्षण हुनु संवैधानिक अपेक्षा हो। बन्दीप्रत्यक्षीकरणको रोहमा भने त्यस्तो परीक्षण भएकै छैन वा नाम मात्रको छ भन्ने देखिएमा मात्र हस्तक्षेप गरिन्छ। तसर्थ, यस अदालतले गर्ने न्यायिक परीक्षणमा उल्लेखित प्रकृति र दायराभन्दा वाहिर गई सक्षम अदालतको अनुमतिले अनुसन्धानको सिलसिलामा रहेको थुनाउपर रिट क्षेत्राधिकार आकर्षित हुने देखिँदैन ।

२४. **दोस्रो प्रश्नतर्फ हेर्दा,** बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १९ को उपदफा (१) ले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सो ऐनअन्तर्गतको कसूरमा कारबाही चलाइएको व्यक्तिले प्रमाण लोप वा नाश गर्न सक्ने वा अनुसन्धान तथा तहकिकातको कारबाहीमा बाधा व्यवधान वा प्रतिकूल असर पार्न सक्ने पर्याप्त कारण विद्यमान भएमा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले निजलाई थुनुवा पुर्जी दिई थुनामा राख्न सक्ने व्यवस्था गरेको छ। उपदफा (२) ले चौबीस घण्टाभित्र अनुसन्धान तथा तहकिकात पूरा नहुने भएमा निजलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई अनुमति लिएर मात्र थुनामा राख्नुपर्ने, उपदफा (३) ले अनुमति माग्दा अभियोग, त्यसको आधार, थुनामै राखी अनुसन्धान गर्नुपर्ने कारण र बयान भइसकेको भए सोको बेहोरा स्पष्ट रूपमा खुलाउनुपर्ने र उपदफा (४) ले मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजात हेरी अनुसन्धान तथा तहकिकात सन्तोषजनक रूपमा भए नभएको विचार गरी एक पटकमा सात दिनमा नबढ्ने गरी बढीमा साठी दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्ने व्यवस्था गरेको छ। उक्त दफा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने वाक्यांशबाट सुरु भएकाले बैङ्किङ्ग कसूरको अनुसन्धानमा थुनामा राख्ने सर्त र अवधिका हकमा यही विशेष व्यवस्था आकर्षित हुन्छ। सामान्य कानूनले विशेष कानूनलाई विस्थापित

गर्दैन (*Generalia specialibus non derogant*) भन्ने व्याख्याको मान्य सिद्धान्त पनि यही हो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ का व्यवस्था विशेष ऐनसँग नबाझिएको हदसम्म परिपूरकका रूपमा मात्र लागू हुन्छन्।

२५. प्रस्तुत निवेदनमा नेपाल राष्ट्र बैङ्कको मिति २०८३।०३।३० को पत्रसाथ विशेष स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएपछि नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरोले उच्च अदालत पाटनबाट सोही मितिमा पक्राउ पुर्जी जारी गर्ने अनुमति लिई बन्दीलाई पक्राउ गरेको, स्वास्थ्य परीक्षण गराई थुनामा राख्नुपर्ने कारणसहितको थुनुवा पुर्जी दिएको र विशेष सरकारी वकील कार्यालयमार्फत उच्च अदालत पाटनसमक्ष पेस गरी पक्राउ परेको मितिदेखि लागू हुने गरी पहिलो पटक ७ दिन तथा मिति २०८३।०४।०५ देखि लागू हुने गरी दोस्रो पटक ५ दिनको म्याद थपको अनुमति लिएको भन्ने लिखित जवाफ तथा मिसिल संलग्न कागजातबाट देखिन्छ। पक्राउको कारणको सूचना नदिइएको, चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित नगराइएको वा उच्च अदालत पाटनलाई म्याद थप गर्ने अधिकारक्षेत्र नै नभएको भन्ने निवेदकको जिकिर रहेको देखिँदैन। यसरी पक्राउदेखि म्याद थपसम्मका चरणमा संविधानको धारा २० को उपधारा (१) र (३) तथा बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ दफा १९ को उपदफा (१) र (२) ले तोकेका बाध्यात्मक कार्यविधि पालना भएको देखिन आयो।

२६. म्याद थप गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ को उपदफा (६) को प्रक्रिया पूरा नगरिएको भन्ने निवेदकतर्फको जिकिरतर्फ हेर्दा, उक्त उपदफा र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १९ को उपदफा (४) दुवैले मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजात हेरी अनुसन्धान सन्तोषजनक रूपमा भए नभएको विचार गरेर अनुमति दिनुपर्ने गरी समान प्रकृतिको दायित्व तोकेका छन्। उच्च अदालत पाटनको लिखित जवाफमा अनुसन्धानका लागि पक्राउ पुर्जी र थुनुवा पुर्जीसमेत दिई म्याद थपका लागि पेस भएकोमा सक्षम इजलासबाट रीत बेरीतसमेत हेरी म्याद थप भएको भन्ने उल्लेख छ। यस अदालतको आदेशबमोजिम झिकाई आएको अनुसन्धान मिसिल र म्याद थपका आदेशबाट पनि सो बेहोराको प्रतिकूल अवस्था देखिएन। कुन कागजात नहेरी वा कुन कानूनी सर्त पूरा नगरी म्याद थप भएको हो भन्ने कुरा निवेदकतर्फबाट वस्तुगत रूपमा देखाउन सकेको छैन। न्यायिक काम कारबाही सामान्यतः रीतपूर्वक सम्पन्न भएको छ भन्ने अनुमान गरिन्छ (*Omnia praesumuntur rite esse acta*) भन्ने कानूनको मान्य सिद्धान्त हो। यो अनुमान खण्डन हुन सक्ने भए पनि खण्डन गर्ने भार त्यसलाई चुनौती दिने पक्षमै रहन्छ। दुई पटक गरी थप भएको जम्मा १२ दिनको अवधि प्रत्येक पटक सात दिनमा नबढेको र ऐनले तोकेको साठी दिनको अधिकतम सीमाभित्रै रहेकाले अवधिका दृष्टिले पनि म्याद थपमा कानूनी त्रुटि देखिँदैन।

२७. बन्दीबाट प्रमाण लोप वा नाश हुने वा अनुसन्धानमा बाधा पुग्ने पर्याप्त कारण विद्यमान नभएको र बैङ्किङ्ग कसूरको अनुसन्धान लिखत प्रमाणमा आधारित हुने भएकाले थुना आवश्यक नभएको भन्ने जिकिरतर्फ हेर्दा, बैङ्किङ्ग कारोबारको अभिलेख लिखित रूपमा सुरक्षित रहने भए पनि त्यसैका आधारमा यस प्रकृतिको कसूरको अनुसन्धानमा थुना कहिल्यै आवश्यक पर्दैन भन्ने निरपेक्ष निष्कर्ष निकाल्न मिल्दैन। ऐनको दफा १९ को उपदफा (१) ले प्रमाण लोप वा नाश हुन सक्ने अवस्थालाई मात्र नभई अनुसन्धान तथा तहकिकातमा बाधा व्यवधान वा प्रतिकूल असर पर्न सक्ने अवस्थालाई समेत थुनाको आधार मानेको छ। प्रस्तुत विषयमा कर्जाको रकम बन्दीसँग पारिवारिक सम्बन्ध भएका व्यक्तिहरूका खातामा रकमान्तर भई त्यहाँबाट विभिन्न व्यक्ति तथा संस्थामा पुगेको र एकै समूहका कम्पनीहरूको कर्जा भुक्तानीमा प्रयोग भएको भन्ने आरोप रहेकाले रकमको प्रवाह र प्रयोजन यकिन गर्न ती व्यक्तिहरूलाई समेत बुझ्नुपर्ने अवस्था देखिन्छ। बुझिनुपर्ने व्यक्तिहरू बन्दीकै नातेदार र व्यावसायिक समूहभित्रका रहेको अवस्थामा निजहरूलाई प्रभावमा पारी अनुसन्धानमा प्रतिकूल असर पर्न सक्ने भन्ने अनुसन्धान अधिकारीको आशङ्का र सोही आधारमा म्याद थप गर्ने अदालतको सन्तुष्टिलाई आधारहीन वा स्वेच्छाचारी भन्न सकिने अवस्था छैन। आर्थिक कसूर गहिरो योजनाका साथ गरिने र सार्वजनिक कोष तथा अर्थतन्त्रमा असर पार्ने प्रकृतिका हुने भएकाले थुनछेकको सन्दर्भमा तिनलाई गम्भीरतापूर्वक हेर्नुपर्ने कुरा भारतको सर्वोच्च अदालतले ***Y.S. Jagan Mohan Reddy v. Central Bureau of Investigation*, (2013) 7 SCC 439** मा औँल्याएको छ। यो मुद्दामा भारतीय सर्वोच्च अदालतले भनेको छः *"Economic offences constitute a class apart and need to be visited with a different approach in the matter of bail. The economic offence having deep rooted conspiracies and involving huge loss of public funds needs to be viewed seriously and considered as grave offences affecting the economy of the country as a whole and thereby posing serious threat to the financial health of the country. While granting bail, the court has to keep in mind the nature of accusations, the nature of evidence in support thereof, the severity of the punishment which conviction will entail, the character of the accused, circumstances which are peculiar to the accused, reasonable possibility of securing the presence of the accused at the trial, reasonable apprehension of the witnesses being tampered with, the larger interests of the public/State and other similar considerations."* तसर्थ, म्याद थप गर्ने अदालतले आफू समक्ष पेश भएको तथ्य प्रमाणहरुको आधारमा म्याद थपको औचित्यता हेरी लिएको सन्तुष्टि लाई बन्दीप्रत्यक्षीकरणको रोहमा यस अदालतले प्रतिस्थापन गर्नु सामान्यतः उपयुक्त हुँदैन। त्यस्तो सन्तुष्टि आधारहीन वा स्वेच्छाचारी देखिएमा मात्र हस्तक्षेप गर्नुपर्ने हुन्छ।

२८. **तेस्रो प्रश्नतर्फ हेर्दा,** कर्जाको रकम जग्गा खरिदमै प्रयोग भएको, जग्गाधनीहरूलाई बैना दिइएको, केही जग्गा कम्पनीका नाममा नामसारी भइसकेको र कर्जाको किस्ता नियमित रूपमा बुझाइएको भन्ने निवेदकतर्फको जिकिर र कर्जा उद्देश्यविपरीत अन्यत्र प्रयोग भएको

भन्ने विपक्षीतर्फको जिकिर परस्पर विरोधी तथ्यसँग सम्बन्धित छन्। कर्जाको दुरुपयोग भएको हो वा होइन भन्ने प्रश्न अनुसन्धानबाट सङ्कलन हुने प्रमाण र अभियोगपत्र दायर भएमा सक्षम अदालतमा हुने प्रमाणको परीक्षणबाट निरूपण हुने विषय हो। बन्दीप्रत्यक्षीकरणको रोहमा यस्ता विवादित तथ्यको निरूपण गर्दा अनुसन्धान र पुर्पक्षको स्वाभाविक प्रक्रियामै प्रतिकूल असर पर्न जाने हुँदा ऋणको प्रयोगसम्बन्धी विवादको औचित्यतामा प्रवेश गरी कुनै राय निर्माण गर्न मिलेन। निवेदकले उठाएका यी जिकिरहरु निजले कानूनबमोजिमको उपयुक्त चरणमा सम्बन्धित निकाय एवम् अदालतसमक्ष राख्न यो आदेशको परिणामबाट कुनै बाधा पर्दैन।

२९. कर्जा दुरुपयोग भयो भनी सम्बन्धित बैङ्कले उजुर नगरेको र रकम भुक्तान गर्न जनाउ वा समयसीमा नदिएको अवस्थामा पक्राउ गर्न मिल्दैन भन्ने जिकिरतर्फ हेर्दा, माथि उल्लेख भएबमोजिम ऐनको दफा ८ अन्तर्गतको प्रतिवन्ध एवम् दफा १८ को व्यवस्थाबाट कर्जाको दुरुपयोग नेपाल सरकार वादी हुने फौजदारी कसूर हो। त्यस्तो कसूरको अनुसन्धान प्रारम्भ हुन कर्जा प्रवाह गर्ने बैङ्कको उजुरी परेको वा ऋणीलाई भुक्तानीको जनाउ दिइएको हुनुपर्ने पूर्वसर्त ऐनले राखेको देखिँदैन। प्रस्तुत विषयमा कर्जा प्रवाह गर्ने बैङ्कले नै पर्याप्त धितो सुरक्षणको व्यवस्था नगरी आफ्नै आन्तरिक निर्देशिकाविपरीत कर्जा प्रवाह गरेको भन्नेसमेत निरीक्षण प्रतिवेदनमा उल्लेख भएको अवस्थामा सो बैङ्कको उजुरी नपरेको कुराले अनुसन्धानको वैधतामा असर पार्दैन। इजाजतपत्रप्राप्त बैङ्क तथा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गर्ने नियामकीय हैसियतमा नेपाल राष्ट्र बैङ्कले निरीक्षणबाट देखिएको बेहोरा अनुसन्धान गर्ने अधिकारप्राप्त निकायमा पठाएको कार्यलाई पनि कानूनको परिधिबाहिरको भन्न मिल्दैन।

३०. सम्पत्ति शुद्धीकरणको आरोपमा हिरासतमा राख्न नसकिएकाले नियोजित रूपमा निरीक्षण प्रतिवेदन तयार गराई बदनियतपूर्वक थुनामा राखिएको भन्ने जिकिरतर्फ हेर्दा, बदनियतको आरोप गम्भीर प्रकृतिको हुने भएकाले त्यसको आधार स्पष्ट रूपमा खुलाइएको र विश्वसनीय एवम् वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको हुनुपर्छ। जसले बदनियतको आरोप लगाउँछ उसैले सो प्रमाणित गर्नुपर्छ। प्रस्तुत निवेदनमा कुन अधिकारीले कुन अनुचित उद्देश्यले के कार्य गरेको हो भन्ने कुरा खुलाइएको छैन। एउटा निकायले आफ्नो कामको सिलसिलामा देखेको कारोबारबारे नियामक निकायलाई लेखी पठाउनु र नियामकले निरीक्षण गरी देखिएको बेहोरा अनुसन्धानकारी निकायमा पठाउनु आफैंमा बदनियत होइन। कसूरको सूचना कुन स्रोतबाट प्राप्त भयो भन्ने कुराले नभई पक्राउ र थुना कानूनबमोजिम भएको छ वा छैन भन्ने कुराले थुनाको वैधता निर्धारण हुन्छ। पक्राउ नै अदालतको पूर्वअनुमतिबाट भएको र थुनाको हरेक चरण न्यायिक निगरानीमा रहेको अवस्थामा बदनियतको जिकिर स्थापित भएको मान्न सकिएन।

३१. **अब अन्तिम प्रश्न, निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने तर्फ हेर्दा,** माथि विवेचना गरिएबमोजिम बन्दीउपर कानूनले कसूर मानेको कार्यको आरोपमा अनुसन्धान भइरहेको, पक्राउ अधिकारप्राप्त अदालतको पूर्वअनुमतिबाट भएको, पक्राउको कारणसहितको सूचना दिई संविधानले तोकेको समयभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराइएको, अधिकारक्षेत्र भएको अदालतबाट कानूनले तोकेको अवधिको सीमाभित्र रही म्याद थप भएको र प्रवृत्तभावना एवम् बदनियतको जिकिर स्थापित हुन नसकेको देखिँदा बन्दीको थुनालाई गैरकानूनी भन्न मिल्ने अवस्था देखिएन। तसर्थ, माथि उल्लिखित आधार र कारणबाट निवेदकका ससुरा शशिधर शर्मालाई बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूरको अनुसन्धानको सिलसिलामा उच्च अदालत पाटनको अनुमतिले कानूनबमोजिम थुनामा राखिएको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। यो आदेशमा व्यक्त गरिएका धारणा बन्दीप्रत्यक्षीकरणको रोहमा थुनाको वैधता परीक्षण गर्ने प्रयोजनमा सीमित रहेकाले यसले अनुसन्धान, अभियोजन, थुनछेक वा मुद्दाको अन्तिम निर्णयमा कुनै असर पार्ने छैन।

३२. प्रस्तुत आदेशको विद्युतीय प्रति यस अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी आदेशको पिठमा जनाउनू। प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(मेघराज पोखरेल)
न्यायाधीश

उक्त आदेशमा म सहमत छु।

(टेकप्रसाद ढुङ्गाना)
न्यायाधीश

इजलास अधिकृतः- (उपसचिव) दामोदर रेग्मी
कम्प्युटर अपरेटरः- अष्ट बहादुर राई
इति संवत् २०८३ साल साउन १४ गते रोज ५ शुभम्.....।